मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २९ गते आइतबार ❑ 12 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अनुसन्धान, प्रविधि र उत्पादनसँग जोडिएको शिक्षा आवश्यक: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २८ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अनुसन्धान, प्रविधिको प्रयोग र उत्पादनसँग जोडिएको शिक्षा देशका लागि आवश्यक भएको बताउनुभएको छ।

गण्डकी विश्वविद्यालयको शनिबार आयोजित प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले वैज्ञानिक अनुसन्धान, प्रविधिको प्रयोग र उत्पादनसँग जोडिएको शिक्षा प्रणालीले मात्र देशको आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने बताउनुभयो। उहाँले शिक्षा प्रणाली रोजगारी सिर्जना गर्ने उद्योग-व्यवसायसँग जोडिने किसिमको हुनुपर्नेमा जोड दिँदै उच्च शिक्षा पूरा गरेपछि ठूलो संख्यामा युवा विदेशिने प्रवृत्ति बढ्दो चिन्ताको विषय भएको बताउनुभयो । शिक्षाविद् प्राडा केदारभक्त माथेमाले बदलिँदो विश्व परिवेशअनुसार शिक्षाको स्वरूप परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो । बजार मुखी, अनुसन्धानमुखी तथा कृत्रिम बौद्धिकतासँग सम्बन्धित विषयलाई पाठ्यक्रममा समेट्नुपनेमा जोड दिनुभयो । उहाँले विद्यार्थीहरूलाई केवल जानकारी नभइ सोच्ने, विश्लेषण गर्ने र समाधान निकाल्ने क्षमताको विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। विश्वविद्यालयका कुलपति इन्द्रप्रसाद तिवारीले विश्वविद्यालयलाई अनुसन्धानमुखी, प्रविधिमैत्री तथा अन्तर र्राष्ट्रियस्तरको शैक्षिक केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको बताउनुभयो। अनुसन्धान केन्द्रको विस्तार, सरकारी निकायसँग सहकार्य र समुदायस्तरमा आधारित अध्ययन-अनुसन्धानलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । विश्वविद्यालय न्यासिक परिषद्का अध्यक्ष कैलाशनाथ प्याकुरेलले विश्वविद्यालय अब भौतिक संरचना निर्माणबाट अघि बढ्दै गुणस्तरीय शिक्षा र संस्थागत सुदृढीकरणतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो । समारोहमा स्नातक तहमा सबैभन्दा उच्च सीजीपीए प्राप्त गर्ने गौरव भण्डारीले कुलपति पदक प्राप्त गर्नुभएको छ । त्यसैगरी गौरव भण्डारी, मलिनकुमार रोका र क्याटरिना बस्नेतले उपकुलपति पदक प्राप्त गर्नुभएको छ। दीक्षान्त समारोहमा खेलकुद व्यवस्थापनतर्फ ११ जना, सूचना प्रविधितर्फ १८ र औषधि विज्ञानतर्फ १५ गरी कुल ४४ विद्यार्थी दीक्षित भएका छन्।




## फेवा महोत्सवको तयारी सकियो

पोखरापत्र संवाददाता
पोखरा, २८ चैत

२१ औं संस्करणको फेवा नव बर्ष महोत्सव २०८३ को सम्पूर्ण तयारी पूरा भएको छ। चैत २९ गतेबाट सुरु हुने महोत्सव आगामी वैशाख १ गतेसम्म चल्ने छ।

खहरेदेखि सहिदचोकविचको सडकमा आयोजना हुने महोत्सवमा भाग लिन पर्यटकहरु पोखरा आउने क्रम सुरु भएको आयोजक होटल संघ पोखरा नेपालका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए। खहरे चोकबाट विभिन्न सांस्कृतिक झाँकी र र्‍यालीसहित बिहान ११ बजे महोत्सव सुरु हुने र अम्बोटमा पुगी उद्घाटन समारोहमा परिणत हुने अध्यक्ष सुवेदीले बताए । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय महोत्सवको प्रबर्द्धन रहेको छ । उक्त कार्यालयका प्रमुख मणिराज लामिछानेले विक्रम सम्वत्बारे युवा पुस्तालाई जानकारी दिँदै यसबारे थप चासो र सचेतना जगाउन बोर्डले महोत्सवमा संघसँग सहकार्य गरेको बताए। अहिले विद्यालय र क्याम्पसहरु पनि विदा रहेको र यो बेला घुम्न कहाँ जाने भन्दा पोखरा जाने भन्ने दिमागमा परोस् भन्ने हेतुले पनि महोत्सवलाई बोर्डको साथ रहेको उनले सुनाए।

महोत्सवमा हरेक बर्ष केही न केही नयाँ गतिविध थप गरी यसलाई भव्य बनाउने गरी विगतदेखि नै बोर्डले संघसँग नजिक रहेर काम गरेको प्रमुख लामिछानेले स्मरण गराए।

पर्यटन, संस्कृति र खानालाई जोड दिएर सडकमा नै हुन लागेको महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था रहने छ। महोत्सवका अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दररेटमा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने घोषणा गरिसकेका छन्। इ-सेवाबाट होटल बुक गर्दा १० प्रतिशत सम्म क्यासब्याक हुने अफर पनि इ-सेवाले अगाडि सारेको छ। प्रदेशस्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शनी, पंचैबाजा प्रतियोगिता र पर्यटक दौड प्रतियोगिता महोत्सवका मुख्य आकर्षण हुन्। फेवा महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रालि, सहप्रायोजकमा म्याक्स टाइगर र एक्ट्रिम इनर्जी ड्रिंक तथा प्रायोजकहरुमा अन्नपूर्ण केवलकार लि, इ-सेवा, युनाइटेड वाइनरी प्रालि रहेका छन् । इन्योरेन्स पार्टनरमा सलिको इन्स्योरेन्स रहेको छ। महोत्सवका अन्य प्रबर्द्धकमा पोखरा महानगरपालिका र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश रहेका छन्।

## वैश्विक चुनौतीको सामना गर्न सहकार्य र सामूहिक जिम्मेवारी आवश्यक छ : परराष्ट्रमन्त्री खनाल

रासस
काठमाडौं, २८ चैत

परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तन, समुद्री सुरक्षा चुनौती, आपूर्ति शृङ्खलामा अवरोध र बढ्दो असमानताले सहकार्य मात्र नभई सामूहिक जिम्मेवारीको माग गरिरहेको बताउनुभएको छ । मौरिससको पोर्ट लुइसमा आजदेखि सुरु भएको नवौं हिन्द महासागर सम्मेलनमा सम्बोधन गर्दै उहाँले मध्यपूर्वमा भइरहेका द्वन्द्वबाट नेपालसहित सिङ्गो विश्व नै प्रभावित भएको उल्लेख गर्नुभयो ।

परराष्ट्रमन्त्री खनालले मध्यपूर्वमा भइरहेको द्वन्द्वका क्रममा नेपालले एक जनाको ज्यान गुमाइसकेको र अन्य केही घाइते भएको उल्लेख गर्नुभयो । "मध्यपूर्वमा भइरहेका घटना र त्यसबाट उत्पन्न समस्या नेपालका लागि टाढाका घटनाहरू होइनन् । लाखौँ नेपाली नागरिक त्यहाँ बसोबास तथा रोजगारीमा छन्, उनीहरूको सुरक्षा हाम्रो प्रमुख प्राथमिकताको विषय हो", उहाँले भन्नुभयो ।

मन्त्री खनालले द्वन्द्वका असर क्षेत्रीय सीमाभन्दा बाहिर फैलिएका र त्यसले इन्धन मूल्य, आपूर्ति शृङ्खला र जीविकोपार्जनमा समेत प्रभाव पारेकाले हिन्द महासागरको स्थिरता विश्व शान्तिसँग जोडिएको धारणा राख्नुभयो । 'हिन्द महासागर शासनका लागि सामूहिक संरक्षकत्व' विषयक सम्मेलनमा उहाँले नेपालका लागि, सामूहिक संरक्षकत्वको सुरुआत एउटा सरल सत्यबाट हुने र हिमाल तथा महासागरको भविष्य एक-अर्कासँग अविच्छिन्न रूपमा जोडिएको उल्लेख गर्नुभयो ।"नेपाल सरकारको दृष्टिमा संरक्षकत्व भनेको संकीर्ण स्वार्थभन्दा माथि उठेर साझा उत्तरदायित्व बहन गर्नु हो। यसका लागि समावेशी, पारदर्शी र नियममा आधारित बहुपक्षीय प्रणाली आवश्यक छ, जसले अन्तरराष्ट्रिय कानुन, सार्वभौमिक समानता, पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तलाई मार्गदर्शन गर्छ", मन्त्री खनालले भन्नुभयो ।

उहाँले नेपाल संवादको साझेदार, भूपरिवेष्ठित राष्ट्रहरूको आवाज र पहाड तथा महासागरबीचको सेतु बन्न तयार रहेको बताउनुभयो । नेपाल भुपरिवेष्ठित मुलुक भएपनि हिन्द महासागरसँग यसको सम्बन्ध प्राचीन, स्वाभाविक र अविभाज्य रहेको उल्लेख गर्दै मन्त्री खनालले इतिहासमा नेपाली व्यापारी, तीर्थयात्री र विद्वानहरूले हिमालदेखि महासागरसम्म जोड्ने मार्गहरू प्रयोग गरेको बताउनुभयो ।

"यी मार्गहरूले व्यापार मात्र होइन, विचार र दर्शन पनि प्रवाह गरेका छन् । विशेषगरी, लुम्बिनी (नेपाल) मा जन्मनुभएका गौतम बुद्धका शिक्षाहरू यिनै मार्गबाट फैलिएका हुन् । आज यही विचार आधुनिक विज्ञान र भू-राजनीतिमा पनि थप आवश्यक छ", उहाँले भन्नुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कम्युनिष्ट आन्दोलनलाई पुन:गठित गरेर अगाडि बढ्छौँ : महासचिव पोखरेल

रासस
काठमाडौं, २८ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले कम्युनिष्ट आन्दोलनलाई पुनःजागृत र पुर्नगठित गरेर अगाडि बढ्ने बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय, च्यासल ललितपुरमा सम्पर्क विशेष सङ्गठन कमिटीले आज आयोजना गरेको कार्यक्रममा उहाँले जनताको बहुदलीय जनवादका माध्यमबाट आजका चुनौती सामाना गर्दै अगाडि बढ्ने बताउनुभयो । महासचिव पोखरेलले भन्नुभयो,"हालको निराशालाई सङ्कल्पमा बदल्ने छौँ र सङ्कल्पलाई आशामा बदल्ने छौ । सत्ता र केन्द्रमुखी भएर जनताबीचमा पुग्न नसक्दा कम्युनिष्ट आन्दोलन पछाडि परेकाले अबको पाँच वर्ष प्रतिपक्षमा रहेर जनतासँग जोडिने छौँ ।" उहाँले यसपटक पार्टीको पराजय भए पनि अब मुलुकको बलियो र निर्णायक शक्तिका रूपमा स्थापित गर्ने गरी काम गर्नुपर्नेमा जोड

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सङ्घीयता सुदृढ बनाउन संविधान संशोधन गर्न सकिन्छ : संयोजक दाहाल

रासस
काठमाडौं, २८ चैत

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयतालाई सुदृढ बनाउन र जनतालाई थप अधिकार दिने सन्दर्भमा संविधान संशोधन गर्न सकिने बताउनुभएको छ।

अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)ले आज पार्टी मुख्यालय पेरिसडाँडामा आयोजना गरेको राजनीतिक प्रशिक्षणमा उहाँले आफूहरु संविधान संशोधनको विरोधी नभएको स्पष्ट पार्नुभयो । "संविधानभित्र रहेर सरकारले गर्ने राम्रा कामको सदैव समर्थन गर्छौं, संविधान मिच्ने, जनताको हकअधिकार खोस्ने तथा राष्ट्रिय हितमाथि कहींकतैबाट प्रहार भयो भने हामी सदनभित्र र बाहिरबाट प्रतिवाद गर्छौं", संयोजक दाहालले भन्नुभयो। उहाँले विद्यार्थी तथा कर्मचारीको ट्रेड युनियनको हकअधिकारबारे उठाइएका सवाललाई गम्भीररूपमा लिनुपर्ने बताउनुभयो । संयोजक दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा निर्वाचनबाट जुन शक्ति विजयी भए पनि सबैको जित हुने धारणा राख्नुभयो। "अर्को पार्टीले जितेपनि हामीले हारेको भन्न मिल्दैन । जुनसुकै पार्टीबाट आए पनि त्यो संविधान, गणतन्त्र, समावेशिताको जित हो", उहाँले भन्नुभयो ।
नेकपाका सहसंयोजक माधवकुमार नेपालले लोकतन्त्रको रक्षार्थ आफ्नो पार्टी बलिदान गर्न तयार रहेको बताउनुभयो । उहाँले सामाजिक विभेद अन्त्य तथा जनअधिकार स्थापित गर्ने सवालमा अग्रपङ्क्तिमा उभिन महिला सङ्घलाई निर्देशन दिनुभयो ।


### टन्सिलका लक्षण:

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहिं वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्ससंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बालबालिकालाई सुसंस्कृत बनाउन नैतिक शिक्षा अपरिहार्य: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले बालबालिकालाई नैतिक शिक्षा अपरिहार्य रहेको बताउनुभएको छ।

उहाँले नैतिक शिक्षाले मात्र बालबालिका सुसंस्कृत र असल आचरणको हुने उल्लेख गर्दै नैतिक शिक्षा र संस्कृत शिक्षा अनिवार्य गर्न जरुरी भइसकेको उल्लेख गर्नुभयो । पोखरा २७ स्थित कृष्ण प्रणामी परमार्थ मिशन ट्रस्ट तथा सदानन्द गुरुकुल आश्रमको सातौं वार्षिकोत्सवमा उहाँले आजको शिक्षानीतिमा नैतिकता, आदरभाव, सम्मान, संस्कृति र संस्कारलाई मानमर्यादा गर्ने परम्पराको अभाव देखिएको बताउनुभयो ।



'गुरुकुल आशाका केन्द्र हुन् । भरोसाका दृढ विश्वास हुन् । संस्कार सिकाउने कर्मस्थल हुन् । मानवीय धर्म र चेतनालाई उजागर गर्ने स्रोत हुन् । यिनको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो ।' उहाँले भन्नुभयो । प्राचीन गुरुकुलीय शिक्षण विधि ज्यादै महत्वपूर्ण र अनुसन्धानमूलक भए पनि हामीले विस्तारै हाम्रा अमूल्य निधिलाई बिर्सँदै गइरहेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

'मातृभाषा, संस्कृति, संस्कार चालचलन, शिष्टाचार एवं नैतिक विद्यामा झनै अज्ञानी बन्दै गएको पाइन्छ । गुरुकुल शिक्षाको केन्द्र मात्र नभई विद्याका केन्द्रको रुपमा बुझ्नुपर्ने हुन्छ ।' उहाँले भन्नुभयो – 'गुरुकुललाई जीवन्त बनाउन र त्यसमा रहेको जनशक्तिलाई नेपालको शिक्षा नीतिसँग जोड्न अनिवार्य छ ।' संस्थाले श्रीकृष्ण प्रणामी मन्दिर, वृन्दावन धाम, स्वामी सदानन्द गुरुकुलम्, अन्नपूर्ण भोजनालयको कुशल व्यवस्थापन गर्दै आएकोमा खुशी व्यक्त गर्नुहुँदै उहाँले निकट भविष्यमै प्रणामी गौशाला, प्रणामी विद्या मन्दिर, मंगल संस्कृत विद्यालय, आपतकालीन अस्पताल, प्रणामी ध्यान केन्द्र सञ्चालन गर्ने योजना बनाएकोमा सफलताको कामना पनि गर्नुभयो । संस्थाका अध्यक्ष स्वामी १०८ विष्णु वशिष्टलाई उहाँले व्यक्तिगत पाँच हजार सहयोग पनि हस्तान्तरण गर्नुभयो ।



फेवातालमा पर्यटकको चहलपहलः पर्यटकीय राजधानी पोखरास्थित फेवातालमा शनिबार आन्तरिक पर्यटकको चहलपहल । पोखरामा केही दिन यता पर्यटक आगमन उत्साहजनक छ । तस्बिरः कृष्ण दवाडी/रासस

# अहिलेको राजनीतिक परिवर्तनबाट कांग्रेस आत्तिन पर्दैन: अध्यक्ष ढुंगाना

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले कांग्रेसले आफ्नो गन्तव्य पहिल्याएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

उनले विगतको ब्याज खाएरमात्र होइन, अब साच्चिकै सुधार गरेर कांग्रेसलाई अघि बढाउन आवश्यक रहेको बताए ।

नेपाली कांग्रेस, धादिङ-पोखरा सम्पर्क समितिले शनिबार पोखरामा आयोजना गरेको शुभकामना आदान-प्रदान, सम्मान एवं भित्तेपात्रो विमोचन कार्यक्रममा ढुंगानाले विगतमा पनि प्रत्येक १० वर्षमा जनताले मत परिवर्तन गर्ने गरेको र अहिले पनि त्यही भएको बताए ।

अहिलेको परिवर्तनबाट कोही आत्तिन नपर्ने स्पष्ट पार्दै उनले भने, 'कांग्रेस दुबो हो, हराउँदै-मौलाउँदै जान्छ । अहिलेको राजनीतिक परिवर्तनबाट आत्तिन पर्दैन ।' नेता एवं जनप्रतिनिधि शासक होइन, जनताका सेवक भएको भन्दै धादिङ



नीलकण्ठ नगरपालिकाका मेयरसमेत रहेका ढुंगानाले नेता तथा जनप्रतिनिधिले बोलेका कुरा पूरा गरेनने भने खबरदारी आग्रह गरे ।

कांग्रेस महासमिति सदस्य सरोज अधिकारीले जनतासँग माफी माग्नुका साथै युवालाई कुरा बुझाएर अघि बढ्न सकेमात्र कांग्रेसको भविष्य सुरक्षित हुने दाबी गरे । कांग्रेस धादिङका जिल्ला सदस्य यादु प्रसाद ढकालले सबै तहका नेता कार्यकर्ताले मनैदेखि कांग्रेस सुधार गर्ने संकल्प गर्नुपर्नेमा जोड दिए । कांग्रेस युवा नेता दीपक कोइरालाले निर्वाचनपछि कांग्रेस निकै खुम्चिनु परे पनि त्यसबाट बिचलित हुन नपर्ने बताए ।

समितिका वरिष्ठ सल्लाहकार कृष्णकुमार श्रेष्ठले कांग्रेसको क्रियाकलापले जनतामा निराशा आएको भन्दै अब पनि नसच्चिए कांग्रेस समाप्त हुने बाटोमा जाने जिकिर गरे । नेपाल खानेपानी संस्थान कर्मचारी युनियनका केन्द्रीय अध्यक्ष केदार धमलाले कांग्रेसभित्र मन मिलाउन आवश्यक रहेको भन्दै विगतका कमिकमजोरीको सुधार र समीक्षा गर्दै अघि बढ्नुपर्नेमा जोड दिए।

समितिका निवर्तमान सभापति लालप्रसाद पाठकले कार्यकर्ता होइन नेताकै कारण कांग्रेस कमजोर भएको भन्दै नेताले आफ्नो व्यवहार सुधार गर्नुपर्ने बताए । पार्टीमा बसेर काम गर्न नसक्ने सबै नेताले अवकाश लिनुपर्नेमा उनले जोड दिए । नेकपा एमाले धादिङ-पोखरा सम्पर्क मञ्चका अध्यक्ष रामकुमार घिमिरेले देशको राजनीति जे जस्तो भए पनि धादिङवासीबीचको मन फाट्न नहुने बताए । कार्यक्रममा धादिङ नीलकण्ठ-८ का वडाध्यक्ष प्रकाश श्रेष्ठ, महिला सञ्जाल अध्यक्ष बबीता मल्ल, धादिङ त्रिपुरा बाराही महिला समूहका अध्यक्ष लक्ष्मी थापा, कृषि सञ्जाल अध्यक्ष विन्दा धरेललगायतले बोलेका थिए ।

समिति सभापति कमलबहादुर पाण्डेको सभापतित्वमा भएको कार्यक्रममा वरिष्ठ उपसभापति माधव लम्सालले स्वागत र सचिव श्यामबहादुर इटनीले सञ्चालन गरेका थिए ।

कार्यक्रममा समिति सदस्य राजेन्द्र पाण्डे, विन्दु पाण्डेलगायतलाई सम्मान गरिएको थियो । समिति सचिव श्यामबहादुर इटनी संयोजक, देवराज अर्याल, लालप्रसाद ढकाल, भूपेन्द्र सिलवाल र राजेन्द्र पाण्डे सदस्य रहेको समितिले २०८३ सालको भित्तेपात्रो प्रकाशन गरेको हो ।

# छ सय ८४ दर्शनार्थीको स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २८ चैत

यहाँको बारागुङ मुक्ति क्षेत्र-१ मुक्तिनाथस्थित पर्वतीय 'हाइअल्टिच्युड स्वास्थ्य उपचार केन्द्र'मा छ सय ८४ जना दर्शनार्थी पर्यटकको स्वास्थ्य परीक्षण गरिएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि यही चैत २० गतेसम्म मुक्तिनाथ पुगेर हाइअल्टिच्युडका कारण लैंक लागेर बिरामी भएका छ सय ८४ जनाको स्वास्थ्य परीक्षण गरिएको प्रदेश अस्पताल जोमसोमले जनाएको छ ।

समुन्द्री सतहको तीन हजार ८०० मिटर उचाइमा रहेको मुक्तिनाथ मन्दिरमा दर्शन गर्न जाने कतिपय पर्यटकलाई 'हाइअल्टिच्युड'का कारण लैंक लाग्ने समस्या रहेको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा समीक्षा कँडेलले जानकारी दिनुभयो । मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै मुक्तिनाथ मन्दिरमा प्रदेश अस्पताल, बारागुङमुक्तिक्षेत्रगाउँपालिकाको सहयोग र समन्वयमा हाइअल्टिच्युड सिक्नेस उपचार केन्द्र स्थापना गरिएको डा कँडेलले बताउनुभयो । मन्दिर परिसरमा मुक्तिनाथ विकास समितिको कार्यालय रहेको भवनमा तीन शय्या र मुक्तिनाथ रानीपौवा बसपार्कदेखि मुक्तिनाथ मन्दिर जाने सिँढी बाटोको मध्यभागमा नेपाली सेनाद्वारा निर्मित दर्शनार्थी विश्रामस्थल भवनमा तीन शय्या गरी कूल छ शय्याको उपचार केन्द्र सञ्चालनमा रहेका उहँले बताउनुभयो ।

डा कँडेलका अनुसार चालु वर्षको सोही अवधिमा तीन जना नेपालीसहित छ जना विदेशी पर्यटकको हाईअल्टिच्युडका कारण लैंक लागेर मृत्यु भइसकेको छ ।

## कम्युनिष्ट ...

दिनुभयो । "विसं २०६४ को संविधानसभामा यस्तै प्रकारको पराजय भोगेका थियौं । यसपटक पनि त्यस्तै अवस्था आयो, तर यो पराजयबाट निराश नभई शक्ति सञ्चय गर्दै फेरि आउने चुनावमा यो अवस्था बदल्छौं", महासचिव पोखरेलको भनाइ थियो । पार्टी सचिव पद्मा अर्यालले फेरि जनतासँग जोडेर पार्टीलाई माथि उठाइने बताउनुभयो । सम्पर्क विशेष सङ्गठन कमिटीका अध्यक्ष अशोक ठकुरीले पार्टीलाई फेरि एकीकृत गरेर लैजान विशेष भूमिका निर्बाह गरिने बताउनुभयो ।

# गाडीको ठक्करबाट दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, २८ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ गाछेपानीमा शनिबार दिउँसो गाडी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

पोखराबाट काठमाडौंतर्फ जाँदै गरेको बा ११ च ७३६५ नम्बरको टोयोटा गाडीले डिभाइडर नाघेर आफ्नै लेनबाट जाँदै गरेको ग १९ प २९८८ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मृत्यु हुनेमा स्कुटर चालक गाछेपानीस्थित शुक्लागण्डकी च्वयनधामका पुजारी गणेश खतिवडा र पछाडि सवार सोही ठाउँका कृष्ण भुजेल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अमृत लामिछानेले जानकारी दिनुभयो ।

स्कुटर चालक खतिवडाको तनहुँ सेवा अस्पतालमा र भुजेलको पोखरास्थित गण्डकी मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ढक्कर दिने गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# ३५ प्लस भेट्रान्स फुटबलको उपाधिका लागि एनके र न्यूरोड भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

गण्डकी स्पोर्टस् क्लबको आयोजनामा मालेपाटनमा जारी पहिलो संस्करणको ३५ प्लस भेट्रान्स सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधिका लागि न्यूरोड एफसी र एनके एफसी भिड्ने भएका छन् ।

उक्त खेल आइतबार दिउँसो १ बजे हुने खेल संयोजक र्यामोस गुरुङले जानकारी दिए । गुरुङका अनुसार शनिबार भएको पहिलो सेमिफाइनल खेलमा मेजर एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले हराउँदै एनके एफसी फाइनलमा प्रवेश गरेको हो ।

गोलरहित खेलको निर्धारित समय सकिएपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो । यस्तै दोस्रो सेमिफाइनल खेलमा न्यूरोड एफसीले आयोजक गण्डकी स्पोर्टस् क्लबविरुद्ध १-०





गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्दै फाइनलमा एनके एफसीसँगको भेट पक्का गर्यो ।

न्यूरोडको जीतमा बिकी कुँवरले दोस्रो हाफमा गोल गरे । सोही गोल नै फाइनल यात्राको निर्णायक गोल बन्यो ।

प्रतियोगिताको फाइनल खेल हुनुपूर्व एन्फा कास्कीको महिला टिम र पृथ्वीनारायण क्याम्पसको महिला टिमबीच मैत्रीपूर्ण खेल हुने प्रतियोगिता संयोजक दीपक मुल्मीले जानकारी दिए । उनका अनुसार सो प्रतियोगिताको विजेता टिमलाई नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ भने, उपविजेता टिमलाई नगद रु ३५ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । यस्तै विधागततर्फ सर्वोत्कृष्ट खेलाडीलाइ नगद रु ३ हजार, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही २ हजार ५ सय रुपैयाँसहित पुरस्कृत गरिनेछ ।

यस्तै उत्कृष्ट प्रशिक्षकलाई नगद रु २ हजार प्रदान गरिने उनले बताए । प्रतियोगितामा कुल १६ टिमको सहभागिता रहेको आयोजकले जनाएको छ ।

## वैश्विक ...

मन्त्री खनालले हिन्दुकुश हिमालय क्षेत्र विश्वका अर्बौं मानिसका लागि पानीको मुख्यस्रोत भएको उल्लेख गर्दै यहाँका हिमनदीहरू अन्ततः हिन्द महासागरमा मिसिने भएकाले तिनको भविष्यबारे पनि सोच्नुपर्नेमा जोड दिनुभयो । "जलवायु परिवर्तनले यस अन्तरसम्बन्धलाई अझ स्पष्ट र चिन्ताजनक बनाएको छ । नेपालमा हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन्, जसले हिमताल विस्फोटको जोखिम बढाएको छ", उहाँले भन्नुभयो, "अर्कोतर्फ, हिन्द महासागर तीव्र रूपमा तातिरहेको छ, जसले समुद्री सतह बढाएर टापु राष्ट्रहरूलाई खतरा पुऱ्याइरहेको छ ।

नेपालले संयुक्त राष्ट्रसङ्घ र कोप सम्मेलनहरूमा यस विषयमा आवाज उठाउँदै आएको छ । यसै सिलसिलमा 'सगरमाथा संवाद' नामक अन्तरराष्ट्रिय मञ्च स्थापना गरेको छ ।" नेपाल संयुक्त राष्ट्रसङ्घीय समुद्री कानुनको हस्ताक्षरकर्ता राष्ट्र रहेको र यसप्रति प्रतिबद्ध भएको उल्लेख गर्दै मन्त्री खनालले भूपरिवेष्ठित राष्ट्रहरूलाई समुद्रमा पहुँच र समुद्री अर्थतन्त्रमा सहभागिताको अधिकार हुने बताउनुभयो ।

यो विशेष सुविधा नभई कानुनी अधिकार भएको पनि उहाँको भनाइ थियो । हिन्द महासागर विश्व व्यापार र ऊर्जा आपूर्तिको केन्द्र भएको बताउँदै मन्त्री खनालले नेपाल समुद्री आतङ्कवाद, डकैती, लागुऔषध र मानव तस्करी जस्ता चुनौतीप्रति चिन्तित रहेको उल्लेख गर्नुभयो । "हामी विवाद समाधानका लागि संवाद र अन्तरराष्ट्रिय कानुनको समर्थन गर्छौं । हामी भूगोलले मात्र होइन, साझा जिम्मेवारीले पनि जोडिएका छौं", उहाँले भन्नुभयो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# पूर्वाधारका पर्खाइमा सोवाङधुरी : हिमाल र सूर्येदय हेर्न आकर्षकस्थल

**रासस**
म्याग्दी, २८ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा रहेको सोवाङधुरी पर्यटक र पूर्वाधारका पर्खाइमा छ।

समुन्द्रि सतहदेखि तीन हजार ९४० मिटर उचाइमा रहेको सोवाङ धुरी जोड्ने ब्यवस्थित पदमार्गको अभाव छ। प्रशस्त सम्भावना भएपनि पूर्वाधार र प्रचारप्रसारको कमीले सोवाङधुरी ओझेलमा परेको चिमखोलाका बासिन्दा तारा गर्बुजा पुनले बताउनुभयो। "चिमखोलादेखि सोवाङ धुरी जोड्ने दुई वर्षअघि पहिचान भएको पदमार्गमा आधार भूत पूर्वाधार निर्माण हुन नसक्दा पर्यटक भित्र्याउन समस्या भएको छ," पोखरामा एक दशकदेखि पर्यटन ब्यवसाय गरिरहेका गर्बुजाले भन्नुभयो "समुदाय तहबाट भएको प्रयासमा सरकारी निकायले साथ पाएमा सोवाङ धुरीलाई पर्यटकीय गन्तब्यको रूपमा विकास गर्न सकिने थियो।"

म्याग्दी र मुस्ताङलाई जोड्ने धौलागिरि आइसफल पदमार्गमा समेटिएको सोवाङ धुरीबाट संसारको सातौँ आठ हजार १६७ मिटर अग्लो धवलागिरी हिमालको फेददेखि चुचुरो सम्मको दृष्य अवलोकन गर्न पाउनु मुख्य विशेषता हो।

सूर्येदयका साथै गुर्जा, धवलागिरी, अन्नपूर्ण, निलगिरि, मानापाथी, टुकुचे, माछापुच्छ्रे



र मनास्लु हिमशङखलाको अवलोकन गर्न सकिन्छ। बाग्लुङ बजार, ढोरपाटन शिकार आरक्ष, पुनहिल, मोहरेडाडा, मुल्डे, खोपारा, टोड्केका साथै म्याग्दी र पर्वत जिल्लाका ग्रामिण वस्ती, पहाडी भूगोलको मनोरम दृष्य देखिने शुक्रबार सोवाङ पुगेर आउनुभएका चिमखोला समाज बेलायतका अध्यक्ष मोति तिलिजाले बताउनुभयो। समाजको अगुवाइमा पर्यटन प्रर्वद्धन गर्ने उद्देश्यले २७ जनाकोटोलीसोवाङधुरीकोपदयात्रा गरी शुक्रबार चिमखोला फर्किएको छ। टोली बिहीबार चिमखोलाबाट सोवाङधुरीतर्फ गएको थियो। सोवाङ धुरीको प्रर्वद्धनका लागि 'म्युजिक भिडियो' पनि छायाङ्कन गरिएको छ। हिजोआज सोवाङ धुरी आसपासको क्षेत्र हिउँले सेताम्मे बनेको छ। सोवाङ धुरी जाने पदमार्गमा पर्ने जङ्गल बसन्तयाममा विभिन्न रङका लालीगुराँस फुलेर मनमोह कबनेको छ। घोरल, मृगलगायत जनावर र पाँच औले, सेदक चिनीलगायत जडिवुटी अवलोकन गर्न सकिन्छ।

चिमखोलाको मण्डली युवा क्लवले दुई वर्षअघि चिमखोलादेखि पात्लेखेत-जसलाङ-सिजिखोला-सिजिखर्क- थामखर्क- खोलाखर्क-सिसर्का-तल्लोमेला-उपल्लोमेला-आलेखर्क- नेपाने हुँदै सोवाङ धुरी जोड्ने पदमार्ग पहिचान गरेका थिए। सोवाङ धुरीबाट रघुगङ्गा गाउँपालिकाको बेगखोला, अन्नपूर्ण गाउँपालिकाको दोवा, भुरुङ तातोपानी, दाना र मुस्ताङको लेते जान सकिन्छ। चिमखोलादेखि हिड्न सक्ने एक दिन र विस्तारै हिडेर दुई दिनमा सोवाङ धुरीमा पुग्न सकिन्छ। अघिल्लो पुस्तासम्म चिमखोलाबासी बर्खा याममा गाईभैँसी र भेडाबाख्राको गोठ लिएर सोवाङधुरी पुग्ने र हिउँदमा गाउँ नजिकैको बेशीका फाँटमा झर्ने गर्दथे। नयाँ पहिचान भएको पदमार्ग र सोवाङ धुरीको प्रचारप्रसारका लागि 'दृश्यावलोकन केन्द्र' स्थापना गरिएको छ। चिमखोलाका तारा गर्बुजा पुन, लोकिन पुन, गोपिन पुन र हिरे पुनले काठ र जस्तापाटाको प्रयोग गरेर आश्रयस्थल भवन निर्माण गर्नुभएको छ। सोवाङ धुरी घुम्न जाने पर्यटक र पाहुनालाई ओडारमा रात काट्नुपर्ने अवस्थाको अन्त्य गराउनका लागि २० जना क्षमताको आश्रयसस्थल निर्माण गरिएको हो। गर्बुजाको अगुवाईमा यसअघि सोवाङ धुरीदेखि २०० मिटर तल क्याम्पीङ गर्ने ठाउँ नजिकै ५००/५०० लिटर क्षमताको दुई वटा ड्रम राख्नुभएको थियो। वडा कार्यालयले पनि थप दुई वटा ड्रम राखेका छन्।

हिउँ पग्लीएर र आकाशको पानी ड्रममा सङ्कलन हुने व्यवस्था मिलाएपछि पर्यटकका साथै गोठालालाई सुविधा पुगेको छ। वडा कार्यालयको प्रस्तावमा रघुगङ्गा गाउँपालिकाले गत वर्ष सोवाङ धुरीमा सार्वजनिक शौचालय निर्माण गरेको थियो। होटल र रेष्टुरेष्ट नभएकाले वन्दोबस्तीका सामान सहित जानुपर्छ। टुरिजम एजेन्सिज अफ पश्चिमाञ्चल क्षेत्रीय च्याप्टर' (टान), तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा २०६८ सालमा म्याग्दीको गलेश्वर-राखुभगवती हुँदै धौलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो। यस पदमार्गले म्याग्दीको रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमङ्गले, अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ तातोपानी, दानालगायतका ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ।

# विन्ध्येश्वरी आदर्श स्कुलको ४१ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखराको मोहरिया टोलमा रहेको विन्ध्येश्वरी आदर्श बोडि स्कुलले बिभिन्न कार्यक्रम गरी ४१ औं बार्षिकोत्सव मनाएको छ।

विद्यालयमा शनिबार आयोजित कार्यक्रममा विद्यालयले पोखरामा रही शिक्षा पत्रकारिताको क्षेत्रमा महत्वपुर्ण योगदान पुर्याएको भन्दै पत्रकार शिशिर पौडेललाई सम्मान गरेको छ। सोही विद्यालयमा अध्ययन गरी एमविविएसमा पुर्ण छात्रवृति प्राप्त गर्न सफल कृषा श्रेष्ठ, ईन्जिनियरिङमा छात्रवृति प्राप्त गरेका प्रसिद्ध पराजुली, बिडिएस तर्फ छात्रवृति पाएका शिव हमाललाई कार्यक्रमका बिच पोखरा महानगरपालिका वडा नं. १ का वडाध्यक्ष सहारा प्रधान, पोखरा महानगर शिक्षा महाशाखाका शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारी, विद्यालयका संस्थापक शम्भुलाल कार्की, विद्यालयका प्राचार्य कृष्णकुमार श्रेष्ठले नगद, सम्मान पत्र, मायाको चिनोसहित दोशल्ला प्रदान गरी सम्मान गरे।

सोही अवसरमा दीर्घ सेवा सम्मानबाट विद्यालयका सह प्राचार्य निलकण्ठ पौडेल, शिक्षक राजु बयलकोटी, योगेश कार्की, हिरा थापा, पुस्तकालय इन्चार्ज शान्ती राना र कर्मचारी राजाराम सापकोटा पनि सम्मानित भए। कार्यक्रममा



बिभिन्न शैक्षिक तहमा उत्कृष्ट हुन सफल विद्यार्थीलाई ट्रफी, मेडल प्रदान गरिएको विद्यालय संयोजक माया क्षेत्रीले जानकारी दिईन्। यसअघि कार्यक्रमको उद्घाटन गदै वडाध्यक्ष सहारा प्रधानले विद्यालयको एकल प्रयासबाट मात्र गुणस्तरीय शिक्षा प्राप्त हुन नसक्ने बताए। उनले विद्यार्थीको शारिरीक तथा मानसिक विकासमा पढाईका अलावा शैक्षिक क्रियाकलाप आवश्यक रहेको बताए। विद्यालयका प्राचार्य कृष्णकुमार श्रेष्ठले विद्यालयको प्रतिवेदन प्रस्तुत गर्दै विद्यार्थीको शैक्षिक तथा मानसिक विकासका लागि बिभिन्न क्रियाकलापलाई जोड दिईएको बताए। उनले विषम परि स्थितीमा पनि अभिभावकलाई कुनै भार नपर्ने गरी शैक्षिक कार्य योजना तयार गरिएको स्पष्ट पारे।विद्यालयका संस्थापक शम्भुलाल कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगर शिक्षा महाशाखाका शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारी,वडा सदस्य जुमकाजी गुरुङ, प्रशिक्षक भक्तराज रसाईली, माईन्ड टेकका प्राञ्जल, सिंहनाथ टोल विकास संस्थाका राजेन्द्र बहादुर प्रधान,मनकामना गुठीका पुर्णबहादुर श्रेष्ठ, महिला उद्यमी सविता श्रेष्ठ रञ्जित लगायतले निजी शिक्षाका क्षेत्रमा विद्यालयले पुर्याएको योगदानको प्रसंशा गरेका थिए। कार्यक्रममा विद्यालयले त्रैमासिक पत्रिका विन्ध्येश्वरी बाल बगैंचाको पनि सार्वजनिक गरेको छ। विद्यार्थी अंशु भुजेलले स्वागत गरेको कार्यक्रमको संचालन विद्यालय संयोजक माया क्षेत्रीले गरेकी थिईन्। सो अवसरमा विद्यार्थीले बिभिन्न नृत्य तथा सांगितिक प्रस्तुतिहरु राखेका थिए भने विद्यार्थीले तयार गरेका बिभिन्न शैक्षिक तथा अतिरिक्त सामाग्रीको प्रदर्शनी पनि गरिएको थियो।

# तनहुँमा 'होमस्टे' सर्किट विकास गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, २८ चैत

यहाँको ऐतिहासिक तथा सांस्कृतिक सहर बन्दीपुर र धार्मिक इतिहास बोकेको व्यास नगरपालिकालाई जोडेर 'होमस्टे सर्किट निर्माण' प्रक्रिया अगाडि बढाइएको छ।

व्यास नगरपालिका र बन्दीपुर गाउँपालिकाको सहकार्यमा 'बन्दीपुर-केशवटार होमस्टे सर्किट' ग्रामीण पर्यटन विकासको नयाँ 'मोडेल'का रूपमा अगाडि सारिएको छ। सांस्कृतिक सम्पदालाई मूल आधार बनाई स्थानीय उत्पादन, परम्परा र वातावरणमा आधारित पर्यटनलाई अगाडि बढाउन खोजिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो।

कुनै समय व्यापारिक केन्द्रका रूपमा रहेको बन्दीपुर सदरमुकाम दमौली सरेपछि ओझेलमा परेको थियो। हिजोआज सोही सहर पुनः खुला र जीवन्त सांस्कृतिक सङ्ग्रहालयका रूपमा स्थापित हुँदै गएको छ। 'पहाडकी रानी' उपनामले समेत यो सहरले छुट्टै पहिचान बनाइसकेको छ। अब होमस्टेमार्फत यहाँको पर्यटन प्रवर्द्धनका लागि थप काम गर्न खोजिएको अध्यक्ष थापाले बताउनुभयो। "बन्दीपुर भ्रमण वर्ष २०२५ को सफलतापछि



गाउँपालिकाले सन् २०२६ लाई ग्रामीण पर्यटन भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेको छ। सोहीबमोजिम विविध प्राकृतिक, सामाजिक र सांस्कृतिक सम्पदालाई उपयोग गर्दै नयाँ गन्तव्यको विकास गर्ने क्रममा 'सर्किट' को अवधारणाअनुसार महत्त्वपूर्ण योजनाका रूपमा अघि बढाइएको छ", उहाँले भन्नुभयो। करिब ७५ किलोमिटर चक्रीय दूरीमा फैलिएको यस 'सर्किट'मा १४ वटा 'होमस्टे' र २० भन्दा बढी गाउँ समेटिनेछन्। गुरुङ, मगर, नेवारसँगै क्षेत्री, ब्राह्मण र दलित समुदायबाट सञ्चालित होमस्टेहरूले फरक-फरक सांस्कृतिक अनुभव प्रदान गर्नेछन्। गाउँपालिकाका अधिकांश वडाका साथै व्यास नगरपालिकाको वडा नं १४ यसमा समेटिएको छ। थापाका अनुसार यस सर्किटले होमस्टे सशक्तीकरणसँगै पर्यटनमार्फत ग्रामीण समुदायको आम्दानी वृद्धिमा टेवा पुग्नेछ। यसको विकासका लागि तीन चरणमा कार्यक्रम अघि बढाइएको जनाइएको छ। पहिलो चरणअन्तर्गत चैत १४ र १५ गते पर्यटन तथा संस्कृतिविद्, पर्यटन व्यवसायी र प्राविधिक टोलीले संयुक्त रूपमा क्षेत्रको अध्ययन, अवलोकन तथा प्रत्येक 'होमस्टे' गाउँमा सचेतनामूलक कार्यक्रम सम्पन्न गरिसकेका छन्।

यस्तै, नेपाल पर्यटन बोर्ड पोखरासँगको सहकार्यमा आगामी वैशाख १८ र १९ गते आयोजना हुने गण्डकी प्रदेशस्तरीय 'गाउँ पर्यटन मार्ट २०८३' मार्फत 'सर्किट'को राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसार गरिनेछ। ग्रामीण पर्यटनलाई थप सहज बनाउन गाउँपालिकाले सफारी जीप सेवासमेत सञ्चालनमा ल्याइसकेको छ, जसले गाउँ-गाउँमा पर्यटकको पहुँच विस्तार गर्ने अपेक्षा गरिएको गाउँपालिका पर्यटन शाखा प्रमुख सुरज भट्टराईले बताउनुभयो।

यो 'सर्किट' नेपालकै पहिलो नमुना परियोजनाका रूपमा विकास गर्न खोजिएको र यसले विश्वसामु नेपाली ग्रामीण पर्यटनको नयाँ पहिचान स्थापित गर्ने लक्ष्य लिएको पर्यटनविज्ञ हरिसिंह गुरुङले बताउनुभयो।

स्थानीय संस्कृति, परम्परा र जीवनशैलीलाई जोगाउँदै पर्यटन विकास गर्नु आजको आवश्यकता भएको महसुस गरी योजना अगाडि बढाउन लागिएको र यसले दिगो पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो। यसमा बन्दीपुर-२ को मोहोरिया, रामकोट, व्यास-१४ कुलुङ, केशवटार, रुम्सी, बन्दीपुर-६ धरमपानी, व्यास-१२ कमलाबारी, बन्दीपुर-५ कोरिखा, बन्दीपुर सामुदायिक होमस्टे, बन्दीपुरको धरमपानी होमस्टे, ऐतिहासिक हुस्लाङकोट गढी, कमलाबारी, कोरिखा र बन्दीपुर सामुदायिक होमस्टेलगायत समेटिएका छन्।

# थुनेलो रोकथामका लागि निःशुल्क परीक्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ चैत

यहाँ व्यावसायिक रूपमा पालन गरिएका पशुमा थुनेलो देखिएपछि निःशुल्क उपचार तथा सामग्री वितरण गरिएको छ।

भानु नगरपालिका, पशुपन्छी तथा मत्स्य विकास शाखाद्वारा आज यहाँ आयोजित थुनेलो परीक्षण कार्यक्रममा पशुपालक किसानलाई औषधिसहित उपचार सामग्री निःशुल्क वितरण गरिएको हो। भानु नगरपालिका-११ रूपाकोटस्थित मिलिजुली दुग्ध उत्पादक कृषक समूहको सहकार्यमा सञ्चालित कार्यक्रममा संस्थामा आबद्ध किसानका गाईभैँसीको थुनेलो परीक्षण गरी सङ्क्रमण देखिएका पशुलाई आवश्यक उपचार सामग्री तथा मिनिरल-भिटामिन वितरण गरिएको समूहका अध्यक्ष उमेश अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार शिविरमा १४ कृषकका १६ वटा गाईभैँसीको दूधको नमूना सङ्कलन गरी परीक्षणसमेत गरिएको थियो। ११ गाई र पाँच भैँसीको नमूना परीक्षण गर्दा ११ कृषकका सात गाई र तीन भैँसीमा थुनेलो सङ्क्रमण देखिएको अधिकारीले जानकारी दिनुभयो।

सङ्क्रमण देखिएका पशुलाई औषधिसहित उपचार सामग्री वितरण गर्नुका साथै किसानलाई थुनेलो रोगका लक्षण, असर तथा रोग लाग्न नदिन अपनाउनुपर्ने सावधानीका उपायबारे पनि प्रशिक्षण दिइएको वडा नं ११ का अध्यक्ष विमलराज जोशीले जानकारी दिनुभयो। प्राविधिक अमित ढुङ्गाना, अनिता विक, ललिता बुढाथोकी र देवराज भण्डारीले उपचार सेवा प्रदान गर्नुका साथै प्रशिक्षण दिनुभएको थियो। पछिल्लो समय विशेषगरी गाईभैँसीमा थुनेलो रोगको प्रकोप बढ्दै गएको पाइएको छ।

# मोटो एन्डुरो क्रस च्याम्पियनसिप २०२६ मा मोर्बिडेलीको प्रतिस्पर्धात्मक डेब्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

नेपालमा औपचारिक रूपमा सार्वजनिक भएको एक हप्ता नबित्दै इटालियन प्रिमियम मोटरसाइकल ब्रान्ड 'मोर्बिडेली'ले 'मोटो एन्डुरो क्रस च्याम्पियनसिप २०२६' सहभागिता जनाउँदै आफ्नो प्रतिस्पर्धात्मक यात्रा सुरु गरेको छ।

प्रतियोगिता पोखरामा शुक्रबार सुरु भएको छ छ। उच्चस्तरीय अफ-रोड प्रतिस्पर्धामा मोर्बिडेलीको प्रतिनिधित्व गर्दै अनुभवी राइडर सन्तोष श्रेष्ठ र विशाल तामाङले शक्तिशाली 'मोर्बिडेली टि३५२ एक्स' मार्फत प्रतिस्पर्धा गर्दैछन्। उनीहरूको सहभागिताले नेपालमा बढ्दो मोटरस्पोर्ट्स संस्कृतिप्रति ब्रान्डको प्रतिबद्धता झल्काउने विश्वास गरिएको छ।

मोटो एन्डुरो क्रस च्याम्पियनसिप देशकै एक चुनौतीपूर्ण अफ-रोड प्रतिस्पर्धा हो। जहाँ उत्कृष्ट राइडरहरूले कठिन भू-भाग र अवरोधपूर्ण ट्र्याकमा आफ्नो क्षमता प्रदर्शन गर्छन्।

यस्तो प्रतिस्पर्धामा मोर्बिडेलीको सहभागिताले टि३५२ एक्सको मजबुती, प्रदर्शन क्षमता र एड्भेन्चर राइडिङका लागि उपयुक्त इन्जिनियरिङलाई प्रत्यक्ष रूपमा प्रस्तुत गर्ने विश्वास गरिएको छ।

नेपालमा भर्खरै मात्र प्रवेश गरेको मोर्बिडेलीले यस्ता प्रतिष्ठित प्लेटफर्ममार्फत स्थानीय राइडिङ समुदायसँग जोडिने र आफ्नो अन्तर ष्ट्रिय स्तरको गुणस्तर प्रदर्शन गर्ने लक्ष्य लिएको छ।

मोर्बिडेलीका विभिन्न भेरियन्टहरू नेपाली बजारमा सार्वजनिक गरिएका छन्। 'मोर्बिडेली' बाइकको मूल्य मोडेल अनुसार फरक-फरक छ। मोर्बिडेली टि५०२ एक्सको मूल्य १३ लाख ४९ हजार रुपैयाँ राखिएको छ। एफ३५२ र टि३५२एक्सको मूल्य ९ लाख ९६ हजार ९०० रुपैयाँ छ भने टि १००२ भिएक्सको मूल्य ४४ लाख ९९




हजार ९०० रुपैयाँ र सि२५२भीको मूल्य ९ लाख ६९ हजार ९०० रुपैयाँ तोकिएको छ। कम्पनीका प्रतिनिधिहरूले राइडर तथा मोटरसाइकलप्रति विश्वास व्यक्त गर्दै यस प्रतियोगितालाई ब्रान्डको शक्ति, सहनशीलता र रेसिङ डीएनए प्रदर्शन गर्ने उत्कृष्ट अवसरका रूपमा लिएका छन्।

सन्तोष श्रेष्ठ र विशाल तामाङको नेतृत्वमा मोर्बिडेलीले पोखराको चुनौतीपूर्ण ट्र्याकमा उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा गरिएको छ। जसले नेपालमा प्रिमियम मोटरसाइकल सेग्मेन्टमा नयाँ अध्यायको सुरुवात गर्नेछ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३/१४, पितृमोक्ष किरिया कर्म भवन स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पितृमोक्ष किरिया कर्म सेवा समिति पोखरा १३/१४ थप भवन निर्माण
ठेगानाः पोखरा-१३/१४
योजना सम्झौता मिति : २०८२/१०/२० गते
योजना सुरु मितिः २०८२/११/०४ गते
योजना सम्पन्न मितिः २०८२/१२/१६ गते
योजनाको कुल लागतः रु. ७, १८,३०३.१९
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. २, १८,३०३.१९
उपभोक्ता समिति अध्यक्षः बजिरमान श्रेष्ठ
सम्पर्क नं.: ९८५६०२२९५९
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**पितृमोक्ष किरिया कर्म सेवा समिति पोखरा १३/१४**
**थप भवन निर्माण उपभोक्ता समिति पोखरा-१३/१४**